
का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ मंसिर २०८१,
शुक्रबार
13 December, 2024
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २९४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कांग्रेसमा महाधिवेशन सधैंको पीर !



नेपाली कांग्रेसको १५औं महाधिवेशन २०८२ सालमै हुन्छ कि हुँदैन भन्ने निश्चित छैन । तर, डा. शेखर कोइरालाले काठमाडौंमा सम्पर्क कार्यालय खोलेर केन्द्रीय समितिलाई महाधिवेशनको कार्यतालिका ल्याउन दबाब दिइसके

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ मंसिर ।

नेपाली कांग्रेसका नेताहरू १५औं महाधिवेशन केन्द्रित हुन थालेका छन् । डा. शेखर कोइराला देश दौडाहमा छन् । यहीबेला कोइराला पक्षधर नेताहरूले काठमाडौंको अनामनगरमा सम्पर्क कार्यालय खोलेका छन् ।

कांग्रेसको १५औं महाधिवेशनको मिति तय भएको छैन तर सभापतिका आकांक्षी शेखर कोइराला पक्षधर नेताहरू काठमाडौंमा सम्पर्क कार्यालय खोलेर प्रचारमा जुटिसकेका हुन् ।

नेविसंघका पूर्वअध्यक्ष गुरुराज घिमिरेलगायतले काठमाडौंको अनामनगरमा बिहीबार सम्पर्क कार्यालय खोलेका हुन् । घिमिरे नेता कोइराला निकट नेता हुन् ।

नेताहरूका अनुसार सम्पर्क कार्यालय घिमिरेको संयोजकत्वमा छ, जसमा देवराज चालिसे, भूपेन्द्रजंग शाही, रञ्जित कर्ण, गोमा के. सी., टेकराज पौडेल, केशव सिंह, मेदिनी सिटौलालगायत छन् ।

नेताहरूका अनुसार कार्यालय खोलेर प्रचारमा जुट्नुको प्रमुख उदेश्य हो, १५औं महाधिवेशनको तयारी गर्नु र सभापतिमा शेखर कोइरालाको पक्षमा लविङ बढाउनु । सभापतिको तयारीमा रहेका कोइराला देश दौडाहामा पनि छन् ।

२०७८ मंसिरमा कांग्रेसले १४औं महाधिवेशन गरेको थियो । कांग्रेस विधानमा महाधिवेशन हरेक ४/४ वर्षमा हुने उल्लेख छ । यसअनुसार समयमै महाधिवेशन गरे २०८२ मंसिरभित्र १५औं महाधिवेशन गर्नुपर्छ । यसअघि महासमितिको बैठकमै महामन्त्री गगनकुमार थापाले २०८२ मंसिरभित्र १५औं महाधिवेशन गर्ने प्रस्ताव पेस गरेका थिए, जसलाई महासमितिको बैठकले स्वीकृत गरेको थियो ।

महासमितिबाट स्वीकृत १५औं महाधिवेशनको कार्यतालिकामा २०८२ असोजमा विधान महाधिवेशन गर्ने उल्लेख छ । वडा अधिवेशन, गाउँ, नगर अधिवेशन गर्दै २०८२ भदौ मसान्तभित्र प्रदेश र प्रतिनिधिसभा क्षेत्रीय >>> पृष्ठ २ मा

# त्रिविमै रक्षात्मक कुलपति

जतिबेला सभाहलमा त्रिभुवन विश्वविद्यालयको साधारण सभाका सदस्यहरू कुलपतिमाथि प्रश्नले खनिइरहेका थिए त्यति नै बेला बाहिर विद्यार्थी र कर्मचारीहरू प्रधानमन्त्री केपी शर्मा ओलीउपर नाराबाजी गरिरहेका थिए ।

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २७ मंसिर ।

प्रधानमन्त्री केपी शर्मा ओली बिहीबार आफैं कुलपति रहेको त्रिभुवन विश्वविद्यालयको साधारण सभामा रक्षात्मक भए । सभामा विभिन्न १२ बुँदे प्रस्ताव पेस भएको थियो । त्यसमध्ये ११ बुँदा पास भयो भने एउटा बुँदा कुलपति प्रधानमन्त्रीको आग्रहमा स्थगन भएको छ। तर, ति बुँदाहरूमाथि सभामा छलफल हुँदा विभिन्न कोणबाट कुलपति ओली प्रश्नको घेरामा परे ।

जतिबेला सभाहलमा त्रिभुवन विश्वविद्यालयको साधारण सभाका सदस्यहरू कुलपतिमाथि प्रश्नले खनिइरहेका थिए त्यति नै बेला बाहिर विद्यार्थी र कर्मचारीहरू प्रधानमन्त्री केपी शर्मा ओलीउपर नाराबाजी गरिरहेका थिए ।



सभा बस्नुभन्दा १५ दिन अगाडि सम्पूर्ण सदस्यहरूलाई बैठकमा पेस हुने एजेन्डाबारे दिनुपर्ने जानकारी दिनुपर्ने कानूनी व्यवस्था छ ।

तर, बिहीबार सदस्यहरूले बिहान ११ बजेका लागि बोलाइएको बैठकमा १० बजे मात्रै एजेन्डाहरू पाए । यसमैमा सभाका सदस्यहरू आक्रोशित भए ।

सभा बस्नु अघिल्लो दिन प्रि-सिनेट बस्नुपर्ने त्रिविको प्रावधान छ । तर, बुधबार प्रि-सिनेट बसेको थिएन । प्रि-सिनेट बसेर एजेन्डाहरूमाथि व्यापक छलफल गर्नुपर्नमा किन सभामा सिधै प्रस्तावहरू ल्याएको भनेर पनि प्रश्न उठे ।

एजेन्डाहरूमाथि पहिला हुनपर्ने विधि नामान्ने हो भने अरुलाई कसरी विधि सकाउने र विधि कार्यान्वयन गराउने भनेर उनीहरुले कुलपतिलाई प्रश्न गर ।

आक्रोशित सभाका सदस्यहरूलाई सम्बोधन गर्दै कुलपति ओलीले आवेश र उत्तेजनामा नआउन आग्रह गरे ।

'आफ्ना तर्कहरू राखौं । छाड्ने, उठेर हिँड्ने कुरा नगरौं, यस्तो भएन भने नत्र' भन्ने शैली नगरौं' कुलपति ओलीले सम्झाउन >>> पृष्ठ २ मा

# पत्रकार महासंघको निर्वाचन आज



**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघको तीनै तहको निर्वाचन शुक्रबार हुँदै छ। केन्द्रीय समिति, १० प्रदेश समिति र ७७ जिल्ला शाखा तथा ४१ प्रतिष्ठान शाखामा नयाँ नेतृत्व चयनका लागि शुक्रबार मतदान हुँदै छ ।

निर्वाचनका लागि केन्द्र, प्रदेश र शाखाहरूमा मतदानको सबै प्रक्रिया पूरा भएको केन्द्रीय निर्वाचन समितिका संयोजक प्रा. चिरञ्जीवी खनालले जानकारी दिए ।

केन्द्रीय समितिका पदाधिकारी तथा सदस्य र लेखा समितिका लागि केन्द्रीय >>> पृष्ठ २ मा

# मन्त्री खड्काले स्काउटलाई सवा ५ करोड तिर्न बाँकी

खड्काले आफ्नो सम्पर्क कार्यालय समेत स्काउट परिसरमै स्थापना गरेका थिए, जहाँ पार्टीको झन्डा राख्ने गरिएको थियो । भाडामा दिएको भवनमा विद्युत र पानीको महसुल समेत स्काउटका नाममा उठ्थ्यो



**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको कम्पनीले नेपाल स्काउटको भवन र जग्गा भोगचलन गरेको भाडाबापत ५ करोड १९ लाख रुपैयाँभन्दा बढी रकम तिर्न बाँकी रहेको छ ।

त्यसमध्ये २ करोड ४० लाखभन्दा बढी रकम साँवा र २ करोड ७८ लाखभन्दा बढी रकम जरिमानाबापत तिर्न बाँकी रहेको स्काउटले जनाएको छ ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले स्काउटलाई मन्त्री खड्काको कम्पनीले तिर्न बाँकी रकमको विवरण पठाउन निर्देशन दिएको थियो । उक्त निर्देशनअनुसार स्काउटले बिहीबार राज्य व्यवस्थालाई पत्र पठाएको थियो । स्काउटले राज्य व्यवस्था समिति सभापतिलाई सम्बोधन गरी लेखेको पत्रमा ऊर्जामन्त्री खड्काको नाम किटान गरिएको छ ।

स्काउटका लेखा अधिकृत चूडामणि कार्कीले पठाएको विवरणअनुसार मन्त्री खड्काको कम्पनीले बिहीबारसम्म २ करोड ४० लाख ६६ हजार ३५१ रुपैयाँ २९ पैसा बुझाउन बाँकी रहेको छ भने जरिमानाबापत २ करोड ७८ लाख ६१ हजार ५०० रुपैयाँ तिर्न बाँकी छ ।

खड्काको कम्पनीले पछिल्लो २ महिनामा स्काउटको खातामा १ करोड ५० लाख रुपैयाँ दाखिला गरेको थियो । खड्काको कम्पनीले जरिमाना छुट हुनुपर्ने माग गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ भने स्काउटले जरिमानासहित बक्यौता असुलको आदेश माग गर्दै मुद्दा दायर गरेको छ। दुवै मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन छन् ।

स्काउटले १४ माघ २०८० सालमा राज्य व्यवस्था समितिमा उजुरी दर्ता गरेको थियो । उजुरी दर्ता भएको १० महिनापछि गत सोमबार सांसदहरूलाई वितरण गरिएको >>> पृष्ठ २ मा

## आजको खेल

NPL Nepal Premier League Powered by Ncell

कर्णाली याक्स् VS लुम्बिनी लायन्स्
बिहान ९: १५ बजे

विराटनगर किंग्स VS चितवन राइनोज्
दिउँसो १: १५ बजे

## वैदेशिक रोजगार विशेष

# 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर ।

वैदेशिक रोजगार विभागले आगामी ३ पुसपछि वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू गर्ने भएको छ ।

विभागले वैदेशिक रोजगारीमा जाने कामदारको पूर्वप्रस्थान अभिमुखीकरण तालिममा औंठाछाप हाजिरी लिँदा अनियमितता भएको भन्दै गत १५ असोजदेखि उक्त प्रणाली लागू गर्ने बताएको थियो । तर, नमुना परीक्षण गरिएको दिन नै प्रणालीले काम नगरेपछि दसैंपछि अर्थात् २९ असोजदेखि प्रणाली अनिवार्य रूपमा प्रयोगमा ल्याउने भन्दै सोहीअनुसारको तयारीमा रहन अभिमुखीकरण व्यवसायीहरूलाई आग्रह गरेको थियो ।

प्रणालीमा समस्या उत्पन्न भएपछि विभागले समय सार्दै आगामी ३ पुसदेखि उक्त प्रणाली लागू गर्ने बताएको छ। विभागले हाल बायोमेट्रिक फिंगर प्रिन्ट प्रणालीमा हुने अभिमुखीकरण हाजिरीलाई मान्यता दिएर श्रम स्वीकृति जारी गरिरहेको छ ।

विभागका इन्जिनियरले अध्यागमन विभाग, राहदानी विभाग तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग समन्वय गरेर समस्याको समाधान गरिएको बताएका छन् ।

विभागले उक्त प्रणाली लागू गर्ने विषयमा समन्वय गर्न अभिमुखीकरण व्यवसायीलाई आग्रह गरेको छ ।

हाल १४३ अभिमुखीकरण संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारलाई वैदेशिक रोजगारीमा उड्नु अगाडि अभिमुखीकरण तालिम दिने गरेका छन् । नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले >>> पृष्ठ २ मा

### के हो आइरिस रिकोग्नेसन प्रणाली ?

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले रेटिना फेस रिडरका लागि आइरिस मेसिन कोरियन कम्पनीको सिमाटेक प्रयोग गरेको छ । सुरुआतमा विभिन्न विवाद भएपछि विभागले विभिन्न विशेषज्ञ टिम राखेर फरकफरक कम्पनीको मेसिन टेस्ट गरेको तर अरू मेसिन प्रयोग गर्दा बीचबीचमा समस्या आएकाले कोरियन कम्पनी छान्नुपरेको बताएको छ ।

राष्ट्रिय परिचयपत्र र वैदेशिक रोजगार विभागले उक्त कोरियन कम्पनीको आइरिस मेसिन प्रयोग गर्दै आएका छन् । विगत ८ वर्षदेखि उक्त मेसिनमा कुनै समस्या नआएको देखिएपछि उक्त कम्पनीको सफ्टवेयर मेसिन प्रयोग गरेको विभागको भनाइ छ। >>> पृष्ठ २ मा

URGENT VACANCY

**Receptionist (Female Only)**
- Smart and Excellent communication skills
- Minimum +2 passed or above
- Experienced in Microsoft Office

**Documentetion Officer (Male & Female)**
- Experience in related field
- Minimum +2 passed or above
- Experienced on Maircrosoft Office, Photoshop & other computer skills

**Marketing Officer (Male & Female)**
- Excellent communication skills
- Minimum +2 passed or above
- Experience in related field

**Video Editor & Content Writer (Male & Female)**
- Minimum +2 passed or above
- Experience in related field

Send your CV at : cvtimesmanpower944@gmail.com
Salary: 25,000 to 50,000

TMS Times Management System Pvt. Ltd.
Bansbari, Kathmandu-3, Nepal
Govt. Lic. No.: 944/067/68
Scan for Location
www.tmsnepal.com.np
Tel: 01-5906211, 9802354881

मध्यान्ह
www.madhyanhadaily.com

२८ मंसिर २०८१, शुक्रबार
13 December 2024, Friday

# औषधि विधेयक अन्तिम चरणमा



**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले औषधि विधेयक अन्तिम चरणमा रहेको बताएका छन् । प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा 'औषधिको उत्पादन, वितरण, गुणस्तर तथा मूल्यका सम्बन्धमा' भएको छलफलमा उनले संसद्को आगामी अधिवेशनमा औषधि विधेयक प्रस्ताव गर्ने गरी तयारी अन्तिम चरणमा रहेको बताए ।

उनले भने, 'यो विधेयकमा औषधिका विभिन्न पाटोहरु रहेको छ । उत्पादनको सन्दर्भमा हाल नेपालमा एक सय ७३ औषधि उद्योगलले औषधि उत्पादन गरिरहेका छन् । ती उद्योगबाट करिब ५० प्रतिशतको हाराहारीमा आवश्यकता अनुसारको औषधि उत्पादन हुन्छ । कतिपय औषधि, खोपलगायत नेपालमा उत्पादन हुन सक्दैनन् । औषधिमा आत्मनिर्भर हुने कुरा जटिल नै छ ।'

स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्ने, कानुनी प्रबन्ध त्यसअनुसार निर्माण गर्ने र स्वदेशमै उत्पादित औषधि खरिद गर्ने, राज्यले निःशुल्क गरेका औषधि स्वदेशी उत्पादन हुनुपर्नेलगायत विषय छलफल गरिरहेको मन्त्री पौडेलले बताए ।

मन्त्रालयका सचिव डा.रोशन पोखरेलले नेपालमै उत्पादन हुने औषधिको आयातमा विचार गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले भने, 'औषधिको खरिद प्रक्रियाले औषधिको उपलब्धतामा समस्या देखापरेको छ । खरिद ऐनलाई पुनःविचार गर्न आवश्यक छ ।'

सांसद देवेन्द्र पौडेलले बीमा सरल र सहज नभएको बताए । उनले कुनै नागरिकले भनेको बेला उपचार पाउनुपर्ने बताए । सांसद डा.तोसिमा कार्कीले नेपालमा उत्पादन भएको औषधिलाई प्रवर्द्धन गर्नका लागि सरकराले कस्तो रणनीति ल्याउँदैछ भनेर प्रश्न उठाइन् । त्यसैगरी सांसद सुमना श्रेष्ठले अस्पतालमा उपचार गर्नका लागि मिटर ब्याजमा नागरिकले पैसा लिनुपरेको बताउँदै स्वास्थ्य उपचार सेवा सर्वसुलभ हुनुपर्ने बताइन् । सांसदहरुले प्रस्तुत विषयमा थप सरोकारवाला र विज्ञ बोलाएर छलफलको आवश्यकता रहेको बताएका थिए ।

# किशोरकिशोरीहरूलाई जीवन उपयोगी तालिम

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ मंसिर



किशोरकिशोरीहरुको समग्र विकाशको लागि जीवन उपयोगी सीप प्रशिक्षक दिइएको छ । यही मंसिर १८ गतेदेखि सञ्चालन भएको प्रशिक्षक कार्यक्रम बिहीबार चपुरस्थित आरोही होटेल एण्ड लजको सभाहलमा सम्पन्न भएको हो ।

ग्रामीण विकास केन्द्र नेपाल र वर्ल्ड भिजन, बागमती सेवा समाज नेपालको आर्थिक सहयोग तथा माधवनरायण नगरपालिका र गरुडा नगरपालिकाको समन्वयमा प्रशिक्षण दिइएको हो । गरुडा नगरपालिका र माधवनारायण नगरपालिका तथा सर्लाहीका हरिपूर्वा नगरपालिकाका किशोर किशोरीहरुलाई प्रशिक्षण दिइएको हो । ग्रामीण विकास केन्द्र नेपालका अध्यक्ष पारस हुसैनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा माधवनारायण नगरपालिकाका मेयर बैजनाथ प्रसाद यादवको प्रमुख आतिथ्यता रहेको थियो भने विशिष्ट अतिथिमा गरुडा नगरपालिकाकी नगर उपप्रमुख पुनम चौधरी रहेकी थिइन् ।

कार्यक्रममा हरिपूर्वा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमार परियार, कृषि शाखा प्रमुख प्रभु नारायण चौधरी, माधवनारायण नगरपालिकाका राजस्व शाखा अनुज झा, वडाध्यक्ष रामविश्वास, जवाहर पण्डित, रामकिशोर साह, इन्जिनियर नागेन्द्र यादव, गरुडा नगरपालिका सामाजिक शाखा मुकेश साह, ग्रामीण विकास केन्द्रका उपाध्यक्ष ममता झा, रामसिहासन साह, रिता देवी यादव, बागमती सेवा समाज प्रमेश श्रेष्ठ , वर्ल्ड भिजनबाट बिनय आमात्य, कृपाराम जोसी, बालकृष्ण, बिनय चौहान लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रम सञ्चालन सुस्मिता कुमारी यादवले गरेकी थिइन् । कार्यक्रममा बोल्दै मेयर यादवले यो कार्यक्रम तीन वर्षदेखि चल्दै आइरहेको बताए । हरिपूर्वा नगरपालिकाका प्रशासकीय अधिकृत परियारले संघ संस्था आएसँगै यस्ता कार्यक्रम सञ्चालन गरेर महिला हिंसा, चेलिबेटी, छुवाछूत लगायतका विकृति रोक्न सहयोग पुगेको बताए । कार्यक्रममा सहभागी किशोर किशोरीहरुले आफुहरु यस्ता कार्यक्रममा सहभागी भएर धेरै किसिमको कुराहरु सिक्न पाएको बताएका थिए ।

## कांग्रेसमा...

अधिवेशन गरी केन्दीय महाधिवेशन प्रतिनिधि टुंगो लगाउने कार्यतालिका छ । २०८२ असोज मसान्तभित्र जिल्ला, कात्तिक मसान्तभित्र प्रदेश र मंसिर मसान्तभित्र केन्द्रीय महाधिवेशन गर्नुपर्ने छ ।

यो कार्यतालिका अनुसार १५औं महाधिवेशन हुने/नहुने टुंगो छैन तर शेखर कोइराला पक्षधर नेताहरू महाधिवेशन केन्द्रित तयारीमा जुटेका हुन् । नेताहरूका अनुसार १५औं महाधिवेशन कार्यतालिकाअनुसार गराउन कांग्रेस केन्द्रीय समितिलाई दबाब दिन पनि सम्पर्क कार्यालय खोलिएको हो ।

२०७८ मंसिरमा भएको १४औं महाधिवेशनमा शेखर कोइराला सभापति पदमा शेरबहादुर देउवासँग पराजित भएका थिए । उनी फेरि सभापतिमा चुनाव लड्दै छन् ।

सम्पर्क कार्यालयमा पार्टी केन्द्रीय कार्यालय सानेपामा सभापति देउवाकै जस्तो कोइरालाको पनि छुट्टै कोठा राखिएको छ । कोइरालाले बालुवाटारस्थित विशालनगरमा सम्पर्क कार्यालय संचालन गर्दै आएका छन् । आफू निकटका नेता तथा कार्यकर्ता भेटघाट सोही सम्पर्क कार्यालयबाट गर्दै आएका कोइरालाले अर्को सम्पर्क कार्यालय खोजेर सभापतिको उम्मेदवार रहेको सन्देश दिएका हुन् ।

१५औं महाधिवेशन समयमै हुन्छ कि हुँदैन भन्ने मुख्य चासो रहेकाले दबाब दिन कोइरालाले काठमाडौंमा सम्पर्क कार्यालय खोलेर केन्द्रीय समितिलाई दबाब दिइने नेताहरू बताउँछन् ।

टोल, वडा, गाउँ, नगर, प्रदेशसभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र, जिल्ला र प्रदेशको अधिवेशनपछि मात्र केन्द्रीय महाधिवेशन हुन्छ । वडा अधिवेशन सुरु गर्नुअघि क्रियाशील सदस्यको टुंगो लाग्नुपर्छ । यी कुनै पनि काम सुरु नभएकाले महाधिवेशन कार्यतालिका औपचारिक रूपमा आउन सकेको छैन ।

नयाँ क्रियाशील सदस्य वितरणका लागि फारम जिल्लादेखि वडा कार्यसमितिसम्म पुऱ्याए पनि वितरण तथा नवीकरणको काम तीव्र गतिमा हुन नसकेको नेताहरू बताउँछन् ।

विगतमा पनि कांग्रेसको महाधिवेशन ४ वर्षमै नहुने गरेकाले यस पटक पनि समयमै हुनेमा आशंका रहेका बेला संस्थापनइतर नेताहरूले महाधिवेशन केन्द्रित गतिविधि गरेर दबाब सिर्जना गर्न लागिपरेका हुन् ।

## त्रिविमै...

खोजे । विचारको सहीपना, विचारको गम्भीरता आफूले बुझिराखेको उल्लेख गर्दै कुलपति ओलीले सभामा बस्न सकिँदैन भन्नेतिर नलाग्न आग्रह गरे ।

'मैले कुलपतिबाट राजीनामा दिएँ भने अर्को आउँछ । मेरो कारण रोकिनेवाला त होइन । त्यसैले यस्ता कुरा नगरौँ' ओलीले सभाका सदस्यहरूलाई सम्झाउँदै भने ।

उस्तैगरी त्रिवी सभा हल बाहिर नाराबाजी चलिरहको थियो । सुरक्षाका लागि सुरक्षाकर्मीको पनि बाक्लो उपस्थिति थियो । त्रिवीको बिहीबारको दृश्यले कुलपति त्रिवीमै रक्षात्मक रहेको देखाउँथ्यो ।

## पत्रकार...

निर्वाचन समितिले मतपत्र छापेर प्रदेश निर्वाचन समितिमार्फत शाखाहरूमा पुऱ्याइसकेको छ ।

यस पटकको निर्वाचनमा केन्द्रीय समितिका लागि ३ वटा मतपत्र छन् । केन्द्रीय पदाधिकारीका लागि हल्का नीलो, प्रदेशबाट निर्वाचित हुने केन्द्रीय सदस्यका लागि सेतो र अन्य केन्द्रीय सदस्य तथा लेखा समितिका लागि हल्का गुलाबी रङको मतपत्र छ ।

मतदाताले गोप्य मतदानबाट ३ तहको नेतृत्व छनोटका लागि मताधिकार प्रयोग गर्ने छन् । मतदानस्थलमा जाँदा आफ्नो परिचय खुल्ने म्याद भएको महासंघद्वारा जारी परिचयपत्र वा सूचना तथा प्रसारण विभागद्वारा जारी परिचयपत्र वा नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा नेपाल सरकारद्वारा जारी गरिएको परिचय खुल्ने तस्बिरसहितको परिचयपत्रका साथ उपस्थित भई मतदान गर्नुपर्ने छ ।

केन्द्रीय समितिको अध्यक्षका लागि ४ जनाको उम्मेदवारी परेको छ । अध्यक्षका लागि देवीप्रसाद सापकोटा, निर्मला शर्मा, रमेश विष्ट र लालसिंह लामाले उम्मेदवारी दिएका छन् । वरिष्ठ उपाध्यक्ष पदका लागि गोविन्दप्रसाद चौलागाईं, दीपक आचार्य र रोशन पुरीले उम्मेदवारी दिएका छन् ।

त्यस्तै, उपाध्यक्ष महिलामा गंगा पौडेल र नीतु पण्डितको उम्मेदवारी परेको छ । समावेशी उपाध्यक्षमा उमिदप्रसाद बागचन्द, मोहनकुमार सिंह र सुभाषप्रसाद साहले उम्मेदवारी दिएका छन् ।

त्यस्तै, महासचिवमा जन्मदेव जैशी, प्रकाश थापा, रामप्रसाद दाहाल र लेखनाथ न्यौपानेले उम्मेदवारी दिएका छन् ।

## मन्त्री...

थियो । कांग्रेस केन्द्रीय सदस्य तथा संखुवासभाबाट निर्वाचित सांसद खड्का संचालक रहेको खड्का ल्यान्ड डेभलपमेन्ट प्रा. लि.ले स्वयंसेवी संस्था स्काउटको ३ रोपनी जग्गा भाडामा लिएको थियो ।

३ रोपनी जग्गा १० वर्षका लागि भाडामा लिएको खड्काको कम्पनीले सम्झौताविपरीत ९ रोपनी जग्गा हडपेर १५ वर्षसम्म भोगचलन गरेको थियो ।

सम्झौता सकिएपछि पनि जग्गा नछाडेको र समयमा नै भाडा भुक्तानी नगरेको विषय अदालत प्रवेश गरेको थियो ।

स्काउटको सम्पत्ति खालि गर्न उच्च अदालत पाटनले आदेश दिएको २ वर्षसम्म उनले अवज्ञा गरेका थिए । चौतर्फी दबाबपछि गत ७ वैशाखमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले हस्तक्षेप गरेर जग्गा खालि गराई 'सिल' गरेको थियो । प्रशासनले त्यतिबेला जग्गा तथा भवनमा सिलबन्दी गरे पनि मन्त्री खड्काको कम्पनीले बक्यौता भाडा तिरेको छैन ।

खड्काले आफ्नो सम्पर्क कार्यालयसमेत स्काउट परिसरमै स्थापना गरेका थिए, जहाँ पार्टीको झन्डा राख्ने गरिएको थियो । भाडामा दिएको भवनमा विद्युत् र पानीको महसुलसमेत स्काउटका नाममा उठ्थ्यो ।

राष्ट्रपति, प्रधानमन्त्रीदेखि वडा कार्यालयसम्मलाई पत्र लेख्दा पनि कुनै सुनुवाइ नभएपछि नेपाल स्काउटले अदालतको फैसलाअनुसार खड्का संचालक रहेको कम्पनीबाट भाडा उठाउन राज्य व्यवस्था तथा सुशासन समितिसँग सहयोग मागेको हो ।

## फेसटाइम...

व्यवसायीले झण्डै १३ करोड खर्च गरेर अन्य पूर्वाधारसहित सिस्टम जडान गरिसकेको बताएको छ । बिहीबारसम्म करिब सय संस्थाले प्रविधि जडान गरिसकेका बताएका छन् ।

वैदेशिक रोजगारीमा जाने कामदारलाई अनिवार्य उपस्थित भई आवश्यक सूचना र पर्याप्त जानकारी प्रदान गराउने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत २९ साउनमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम संचालन कार्यविधि, २०७६ को दोस्रो संशोधन, २०८० लाई मन्त्रीस्तरीय निर्णय गरी आइरिस र देशगत समूहमा प्रशिक्षण गराउने विषय कार्यान्वयन गर्न विभागलाई आदेश गरेको हो ।

लामो समयदेखि लागू गर्ने भनिएको प्रणाली सर्वोच्च अदालतसमेत पुगेको थियो । अदालतले दिएको स्टे अर्डरअनुसार मन्त्रालयले नयाँ प्रणाली लागू गर्न लागेको हो । अदालतको आदेशअनुसार संशोधित कार्यविधिमा उल्लेख गरिएको परीक्षा प्रणालीबाहेक अन्य सबै व्यवस्था तत्कालै लागू गर्ने मन्त्रालयको तयारी देखिएको छ ।

कामदारलाई कुनै आर्थिक भार नपार्नेगरी विभाग र वैदेशिक रोजगार बोर्डले सिकाइ मूल्यांकन प्रणाली पनि लागू गराउने बताएका छन् । त्यसका लागि बोर्डले ३ दिने तालिम पाठ्यक्रम निर्माण गर्ने तयारीमा रहेको जनाएको छ ।

## के हो...

हाल प्रयोगमा रहेको फेमिस सफ्टवेयरले सपोर्ट गर्ने अर्को मेसिन भए राख्न सक्ने बाटो खुला रहेको विभागको भनाइ छ ।

विभागले विगतमा श्रम डेस्क, ९ वटा श्रम कार्यालय र फेमिसमा सोही सफ्टवेयर राखेको बताएको छ । वैदेशिक रोजगार विभागले बायोमेट्रिक फिंगर प्रिन्ट प्रणालीमा हुने अभिमुखीकरण हाजिरीलाई आधार मानेर श्रम स्वीकृति दिने गरेको छ । तर, कतिपयले अभिमुखीकरण तालिम कक्षमा उपस्थित नभएको समेत विवरण विभाग पठाएर श्रम स्वीकृति लिएपछि त्यसलाई नियन्त्रण गर्न मन्त्रालयले कार्यविधि नै संशोधन गगेर नयाँ प्रणाली ल्याएको हो । विभागले गत वर्ष २८ मंसिर पूर्वाधार थपेको सूचना जारी गरेपछि केही व्यवसायी आर्थिक मारमा परेको भन्दै सर्वोच्च अदालत गएका थिए ।

सर्वोच्च अदालतले तत्कालीन मन्त्री डी. पी. अर्यालले खारेज गरेको संशोधन कार्यविधि तत्कालका लागि यथावत् कायम राख्न आदेश दिएपछि मन्त्रालयले गत २९ साउनमा रेटिना फेस रिडर र मेसिनको प्रयोग गर्ने निर्णय गरेको थियो ।

# रिहालगत्तै पक्राउ परे प्रसाईं रविको म्याद थप

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर ।



अदालतले धरौटीमा रिहा गर्न आदेश दिएलगत्तै प्रहरीले विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई अदालत परिसरबाटै फेरि पक्राउ गरेको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजलासले बिहीबार प्रसाईंलाई ४० हजार रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो । प्रसाईंले धरौटी बुझाउनेबित्तिकै उनी आदलत परिसरबाट पुनः पक्राउ परेका हुन् ।

अदालतले प्रसाईंलाई साइबर अपराधको मुद्दामा धरौटीमा छाड्न आदेश दिएको थियो । प्रसाईंले प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालबाट रकम लगेर कम्बोडियामा लगानी गरेको दाबी गरेका थिए ।

झुटा दाबी गरेको आरोपमा प्रसाईंलाई प्रहरीले ४ मंसिरमा पक्राउ गरेको थियो । विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा प्रसाईं पक्राउ परेका थिए ।

भारतीय गुन्डा नाइके लरेन्स विस्नोइको नाममा नेपालका व्यवसायीलाई धम्क्याउने कार्यमा प्रसाईंको संलग्नताबारे छानबिन भइरहेको छ । सो समूहका नाइके हरिचन्द्र फुयाँल पनि प्रहरी हिरासतमा नै छन् ।

प्रसाईंको पुनः गिरफ्तारीविरुद्ध उनका समर्थकहरूले अदालत परिसरमा नै नाराबाजीसमेत गरेका थिए ।

धरौटी रकम बुझाएर हात हल्लाउँदै अदालत परिसरमा आइपुगेका उनलाई प्रहरीले पक्राउ गरेका थिए । त्यस क्रममा उनले आफूले तस्करसँग लडाइँ लडिरहेको दाबी गरे । ' यो तस्करसँगको लडाइँ हो है, तस्करसँगको', उनले भने ।

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का प्रवक्ता होवीन्द्र बोगटीका अनुसार उनीमाथि आपराधिक विश्वासघातको कसुरमा अनुसन्धान चलिरहेको छ ।

साइबर अपराधको मुद्दामा धरौटीमा छाड्ने आदेश आए पनि आपराधिक विश्वासघातको कसुरमा उनी पक्राउ परेका उनले बताए ।

**रविको म्याद थपियो**

रासष्ट्रय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने थप ५ दिन हिरासतमा रहने भएका छन् । जिल्ला अदालत कास्कीले पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका लामिछानेलाई थप ५ दिन हिरासतमा राख्न अनुमति दिएको हो ।

बिहीबार न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले उनलाई ५ दिन हिरासतमा राख्न आदेश दिएको हो ।

सहकारी ठगी प्रकरणमा लामिछानेमाथि कास्की प्रहरीले अनुसन्धान गरिरहेको छ । उनी २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका हुन् ।

# टुकुचा कोरिडोर खुलाउन माग



**काठमाडौं/मस**– संघीय राजधानी काठमाडौंको मध्यभाग भएर बग्ने इच्छुमती (टुकुचा) को दायाँबायाँ कोरिडोर निर्माण गरिनुपर्ने काठमाडौं महानगरपालिकाका जनप्रतिनिधिले माग गरेका छन् ।

इच्छुमती किनारको दायाँबायाँ चार/चार मिटरको मात्र कोरिडोर निर्माण गर्दा पनि राजधानीको सवारी 'जाम' कम हुने जनाइएको छ । काठमाडौं महानगरपालिका-२ का वडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठ इच्छुमती किनारको दायाँबायाँ चार/चार मिटरको मात्र कोरिडोर निर्माण गर्दा पनि राजधानीको जाम कम हुने बताउँछन् ।

काठमाडौं महानगरपालिका-२ मा इच्छुमतीको करिब ६२० मिटर लम्बाई पर्ने उल्लेख गर्दै उनले बहाब क्षेत्र चार मिटर छोडेर दायाँबायाँ चार/चार मिटरको सडक बनाउनुपर्ने स्थानीयवासीको माग रहेको बताए । काठमाडौं उपत्यका विकास प्राधिकरणले पनि इच्छुमतीको बहाब क्षेत्र चार मिटर र दायाँबायाँ चार/चार मिटरको मापदण्ड तोकेको छ । काठमाडौं महानगरपालिका-२लाजिम्पाटको नीलसरस्वतीस्थान क्षेत्रमा करिब एक सय ५० मिटर सडक रहेको वडा कार्यालयले जनाएको छ ।

अर्को भागमा केही टहरा भएकाले त्यसलाई भत्काएर सडक खोल्न सकिने उनले जानकारी दिए । ६२० मिटर क्षेत्रमा छ देखि सात वटा घर भने नदी किनारको चार मिटर मापदण्ड मिचेर निर्माण भएकाले त्यसलाई भत्काउनुपर्ने वडा अध्यक्ष श्रेष्ठ बताउँछन् । यस क्षेत्रमा नदीको मापदण्ड कसले कति मिचेका छन् भन्ने तथ्य पनि बेला बेलामा सार्वजनिक हुने गरेको छ । काठमाडौं महानगरपालिका-२८ ले शङ्करदेव क्याम्पसअघिको करिब १०० मिटर क्षेत्रमा पनि कोरिडोर खुला गरेको छ । वडा नम्बर २८ मा रहेको समाज कल्याण परिषद्को जग्गामा भने अहिलेसम्म कोरिडोर निर्माण हुन सकेको छैन । वडा नम्बर २८ को सबै भागमा कोरिडोर निर्माण हुनुपर्छ भन्ने स्थानीयवासीको माग रेहको वडाध्यक्ष भाइराम खड्गी बताउँछन् ।

वडा नम्बर ११ को भद्रकाली प्लाजामा पनि करिब १०० मिटर इच्छुमती कोरिडोर खुला छ । बाँकी भागमा धेरै जग्गा सरकारी कार्यालयको पर्ने वडा नम्बर ११ का अध्यक्ष हीरालाल तण्डुकार बताउँछन् । सरकारी कार्यालयलाई ठाउँ छोडाएर राजधानीकोबीच भाग पारेर कोरिडोर बनाउनुपर्छ भन्ने विचार आफूले तत्कालीन महानगरपालिका सभामा विसं २०४९ देखि नै राख्दै आएको उनको भनाइ छ ।

नदी सभ्यता बचाउने सन्दर्भमा स्पष्ट नीति नभएकैले राजधानीको मध्यभाग भएर बग्ने इच्छुमती धेरै फोहर भएको वडाध्यक्ष तण्डुकार बताउँछन् । राजधानीका नदीमा तीनै तहका सरकार मिलेर कोरिडोर निर्माण गर्न सके नदी सफाइका लागि पनि सहयोग पुग्ने विश्वास गरिएको छ । बागमती, रुद्रमती (धोबीखोला), विष्णुमती, मनोहरालगायत नदी किनारमा बनेको कोरिडोरले सहज यातायात सुविधा दिएको छ । कोरिडोर निर्माण भएकै कारण नदीमा फोहर फाल्नेहरु समातिएर कानुनी कारबाहीको दायरामा परेको बागमती सफाइ अभियानकर्मी गोविन्द काफ्ले बताउँछन् । इच्छुमतीको सफाइका लागि पनि कोरिडोर खोल्नुपर्ने माग राजधानीमा बढ्न थालेको छ ।

इच्छुमती महानगरपालिकाका वडा नम्बर १, २, ३, ४, ५, २८ र ११ क्षेत्र भएर बग्ने गरेको छ । इच्छुमती कोरिडोर खोल्न महानगरपालिका नै लाग्नुपर्ने वडा नम्बर ११ का अध्यक्ष तण्डुकारको माग रहेको छ । कोरिडोरमा दुई पाङ्गे र साना सवारीलाई प्रवेश गराउँदा ठूला सडकमा सवारी जाममा कमी आउने महानगरपालिकाका जनप्रतिनिधिको भनाइ छ ।

# जर्जिया पठाउने भन्दै ठगी गर्ने १ पक्राउ

काठमाडौं/मस- आकर्षक तलबको वैदेशिक रोजगारीमा जर्जिया पठाइदिने प्रलोभन देखाउँदै ठगी गरेको आरोपमा १ जना पक्राउ परेका छन् ।

झापाको गौरादह नगरपालिका- १ का ३६ वर्षीय सुदीप घिमिरेले वैदेशिक रोजगारीमा जर्जिया पठाउने भन्दै १ जनाबाट १२ लाख १० हजार लिई फरार रहेको उजुरी परेको प्रहरीले बताएको छ ।

प्रहरीले उनलाई काठमाडौंको गल्कोपाखाबाट बुधबार पक्राउ गरेको बताएको छ ।

**युएईमा रोजगार**

कम्पनी: CLICK MORE TECHNICAL SERVICES CO. LLC
पूर्व स्वीकृत मितिः २०८१/०८/२६ चलानी नं.: ६०२२९६२५
शहर: UAE
L.T. No.: 314160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 6 | 0 | स. काममा दक्ष | 1000 | ३६,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ५ गते (20 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

# शान्ति प्रक्रियापछि माओवादी कमजोर भएको प्रचण्डको स्वीकारोक्ति

**चितवन/मस–** माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति प्रक्रियापछि केही कमजोरी भएको स्वीकार गरेका छन् ।

चितवनको भरतपुरमा बिहीबार नेपाल उद्योग व्यापार महासंघको तेस्रो साधरणसभा उद्‌घाटन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले २०६४ पछि नयाँ बाटो हिँड्ने क्रममा चिप्लिएको बताए ।

'पहिला बीचमा हामी चिप्लिँदै गर्दा, जनतासँगको सम्बन्ध बलियो बनाउन नसक्दा माओवादी भनेर छाति खोलेर भन्न पनि अप्ठेरो अप्ठेरो हुने भएको थियो । अहिले विस्तारै आफूलाई माओवादी भन्न गर्व गर्नसक्ने स्थिति आएको छ,' प्रचण्डले भने ।

उनले भने, 'हामीले बीचमा केही कमजोरी पनि गऱ्यौं । ठाउँ ठाउँमा चिप्लियौं पनि । नयाँ बाटो हिन्दा अलिअलि चिप्लिने हुँदो रहेछ । हामी



उद्देश्यबाट चिप्लिएको त होइन । तर कहिले बाँया चाल्नुपर्नेमा दायाँ र दायाँ चाल्नुपर्नेमा बायाँ चालेको कारणले पनि हामी चिप्लियौं ।'

कतिपयले पार्टीको नाम फेर्दा जनताले भोट दिने तर्क गर्ने गरेको भन्दै त्यस्तो नहुने जिकिर गरे ।

'कतिपय साथीहरूले भन्नुहुन्छ, माओवादी नामले गर्दा बर्बाद पाऱ्यो । यो नाम फेऱ्यौं भने जनताले भोट गर्ल्यामगुर्लुम दिन्छन् जस्तो गर्छन्,' प्रचण्डले भने, ''यो चाहीँ पार्टीको नाम, चुनाव चिन्ह वा अरु माओवादी भन्न डराएर हल हुने होइन ।' सरकारमा हुँदा गरेका केही राम्रा कामहरूको कारण माओवादीप्रति अहिले विस्तारै जनता सकारात्मक बन्दै गएको उनको भनाइ थियो ।

'हामी ६४ पछि विभिजित भएर पनि अनुभव भयो । कतिपय स्टेप गलत गरेर पनि सिक्यौं । अहिले नयाँ संकल्पसहित सरकारमा हुँदा गरेका कामले विस्तारै जनतामा पोजेटिभ भाइभ्स आएको छ,' प्रचण्डले भने ।

# सार्वजनिक बिदाको संख्या घटाउन सुझाव



**काठमाडौं/मस–** सांसदहरूले सार्वजनिक विदाको संख्या घटाउन सरकारलाई सुझाव दिएका छन् । बिहीबार सिंहदरबारमा बसेको प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उनीहरूले धेरै बिदा हुँदा जनतामा सहज रूपमा सेवा प्रवाहमा समस्या भएकाले बिदाको संख्या घटाउन सरकारलाई सुझाव दिएका हुन् । सांसद अमरेशकुमार सिंहले वर्षमा ३० दिनभन्दा बढी बिदा नपाउने व्यवस्था गर्न सुझाव दिए ।

सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर छलफलका क्रममा उनले हरेक कुरामा बिदा दिने प्रचलनले समयमा नै काम नहुने र जनतालाई समेत समस्या पर्ने देखिएको बताए । सांसद सिंहले सार्वजनिक निकायमा मन्त्रीहरूको कार्यकक्ष बनाउने काम उचित नभएको उल्लेख गरे ।

त्यस्तै सांसद श्याम घिमिरेले खरदारसम्मका लागि कर्मचारी नीति क्षेत्रको कम्पनीबाट लिनुपर्ने र पाँचौ तहबाट मात्रै निजामती सेवामा कर्मचारी लिनुपर्ने सुझाव दिए । उनले विधेयकहरूलाई समयमा नै अघि बढाउन समिति गम्भीर हुनुपर्नेमा जोड दिए ।

बैठकमा सांसद माधव सापकोटाले समितिको बैठकबारे बिहान साढे दश बजेमात्र जानकारी आएको र तयारी नगरेकाले छलफलमा भाग नलिने बताए । उनले २४ वटा बुँदामा संशोधन दर्ता गरे पनि पर्याप्त छलफल हुने अवस्थान नदेखिएको जिकिर गरे । उनले विधेयकमा राजनीतिक हस्तक्षेप हुने र समयमा नै पास हुन नसक्ने आशंका उत्पन्न भएको बताए । समितिका सभापति रामहरि खतिवडाले निरन्तर बैठक भएकाले सूचना पठाउन ढिलाई भएको जवाफ दिए ।

सभापति खतिवडाले समितिमा रहेका विधेयकलाई निष्कर्षमा पुऱ्याउनका लागि समिति निरन्तर क्रियाशिल रहेको उल्लेख गरे । अर्को बैठकमा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि अन्य संशोधनकर्तासँग छलफल गर्ने उनले जानकारी दिए ।

# उपप्रधानमन्त्री सिंहद्वारा बन्चरेडाँडाको अनुगमन



**काठमाडौं/मस–**उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह बन्चरेडाँडा ल्यान्डफिल साइट पुगेका छन् । उनले बिहिबार स्थलगत अवलोकन गरी बन्चरेडाँडामा देखिएको समस्याबारे जानकारी लिएका छन् ।

उपप्रधानमन्त्री सिंहले फोहोरमैला व्यवस्थापनमा बन्चरेडाँडामा देखिएको समस्याबारे धेरै छलफल भएको उल्लेख गर्दै अब समाधानमा केन्द्रित हुनुपर्नेमा जोड दिएका छन् । 'बारम्बार फोहोरको बारेमा प्रश्न उठेपछि स्थानीयस्तरमा फोहोरको व्यवस्थापन कसरी भइरहेको छ? जुन मापदण्डअनुसार हुनुपर्ने हो त्यहीअनुरूप भइरहेको छ कि छैन भन्नेबारे जानकारी लिनुभएको छ', उपप्रधानमन्त्री सिंहको सचिवालयले भनेको छ,'स्थानीयले उठाएका विषयहरू के हुन्, कसरी समाधान गर्न सकिन्छ? त्यसबारे समन्वय गरी तदारुकताका साथ काम गर्न उहाँले भन्नुभएको छ ।' त्यस्तै उपप्रधानमन्त्री सिंहले ल्यान्डफिल साइटको आयुबारे चासो राखेका थिए ।

सहरी विकास मन्त्रालयका अधिकारीहरूका अनुसार वर्गीकरण नगरी फोहोर फाल्ने हो भने बन्चरेडाँडा ल्यान्डफिल साइट २० वर्षमै भरिनसक्छ । तर, फोहोर वर्गीकरण गरेर मात्रै फाल्ने हो भने ल्यान्डफिल साइटको आयु ४० वर्षसम्म बनाउन सकिन्छ । फोहोर व्यवस्थापन वैज्ञानिक नभएको, जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी दुर्गन्ध फैलाइएको भनी बन्चरेडाँडाका बासिन्दाले सरकारको ध्यानाकर्षण गराइरहेका छन् ।

फोहोरमैला व्यवस्थापन उच्चस्तरीय समितिको संयोजनको जिम्मेवारी सहरी विकास मन्त्रालयअन्तर्गत रहेकाले सहरी विकास मन्त्रीका रूपमा सिंहले बन्चरेडाँडामा देखिएका समस्या समाधान र स्थानीयले उठाएका मागमा चासो दिइरहेका छन् । ९ मंसिरमा बसेको समितिको बैठकमा स्थानीय सरोकारवालाले उठाएका विषय समाधान गरी फोहोरमैला व्यवस्थापन सहज बनाउनुपर्नेमा उनले जोड दिएका थिए । ल्यान्डफिल साइट अनुगमनमा उपप्रधानमन्त्री सिंहसहित विज्ञ र बन्चरेडाँडासँग सरोकार राख्ने मन्त्रालयका प्रतिनिधि सहभागी थिए ।

# प्रधानसेनापति सिग्देललाई भारतीय सेनाको मानार्थ महारथी



**काठमाडौं/मस–** भारतको औपचारिक भ्रमणमा रहेका प्रधान सेनापति महारथी अशोक राज सिग्देललाई भारतीय सेनाको मानार्थ महारथी प्रदान गरिएको छ ।

भारतका राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा आयोजित विशेष सुशोभन कार्यक्रममा भारतीय स्थल सेनाको मानार्थ महारथी दर्जाको दर्ज्यानी चिह्न प्रदान गरेकी हुन् ।

कार्यक्रममा भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीलगायत त्यहाँका उच्च सुरक्षा तथा सैन्य अधिकारी, नेपाली दूतावासका अधिकारीहरूको उपस्थिति थियो ।

कार्यक्रममा सिग्देललाई 'सुप्रबल जनसेवाश्री महारथी' भनी सम्बोधन गरिएको थियो ।

नेपाल-भारत बीचको अनुपम सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक र मित्रवत् सैनिक सम्बन्धको निरन्तरता स्वरूप नेपाली सेनाका प्रधान सेनापतिलाई भारतीय सेनाको मानार्थ महारथी तथा भारतीय स्थल सेनाध्यक्षलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने विशिष्ट परम्परा रही आएको छ ।

प्रधान सेनापति सिग्देलले भारतका माननीय रक्षामन्त्री राजनाथ सिंहसँग शिष्टाचार भेटघाट गरेका छन् । त्यसैगरी उनले थल सेना भवन परिसरमा वृक्षारोपण समेत गरेका छन् ।

भारतीय स्थल सेनाध्यक्ष द्विवेदीको निमन्त्रणामा प्रधान सेनापति सिग्देल मंसिर २६ गते भारत प्रस्थान गरेका थिए । उनी शुक्रबार मा स्वदेश फर्किने कार्यक्रम छ । राष्ट्रपति रामचन्द्र पौडेलले गत मंसिर ६ गते भारतीय स्थल सेनाध्यक्ष द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

# प्रदेश लोकसेवाको पारदर्शिता र औचित्यतामाथि अध्यक्षले नै उठाए प्रश्न

**काठमाडौं/मस–** लोकसेवा आयोगका माधवप्रसाद रेग्मीले प्रदेश लोकसेवा आयोगको पारदर्शिता र औचित्यतामाथि प्रश्न उठाएका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै अध्यक्ष रेग्मीले प्रदेश लोकसेवा आयोगले नियुक्तिमा विधि र प्रक्रिय अवलम्बन गरेको वा नगरेको भन्ने छानवीन गर्ने निकाय नै नरहेको बताए ।

'प्रदेश लोकसेवा अयागोको गठन गर्दा कम्तिमा एउटा सदस्य सरकारी सेवाबाट अवकाश प्राप्त हुनुपर्ने छ भनिएको छ । लोकसेवा आयोगले अपनाएको विधि, पद्दति, मापदण्ड, कार्यविधि, प्रक्रिया प्रदेश लोकसेवा आयोगहरुले पूरा गर्नुपर्छ भन्ने व्यवस्था गरिएको छ' उनले भने, 'विधि, प्रक्रिया र पद्दति नअपनाई प्रदेश लोकसेवा आयोगले सिफारिस गरेको नियुक्ति स्वतः बदर हुनेछ भनेर पनि लेखिएको छ । तर, त्यहाँ के कुराको अभाव छ भने त्यो विधि र प्रक्रिया अवलम्बन गरिएको छ कि छैन भनेर छानविन गर्ने निकाय नै



छैन', उनले भने ।

उनले लोकसेवा आयोगका आफ्ना पहिलेका कार्यालयहरू अहिले पनि रहेको बताए । तिनै कार्यालयबाट प्रदेशका र स्थानीय तहका कर्मचारी नियुक्ति गराउन सक्ने व्यवस्था संविधानले नगर्दा अहिलेको अवस्था आएको उल्लेख गरे । न्यायपालिका अहिले पनि एकात्मक रहेको बताउँदै उनले लोकसेवा आयोग पनि एकात्मक हुँदा केही नबिग्रिने बताए ।

'लोकसेवा आयोगका प्रदेश-प्रदेशमा पहिलेका कार्यालयहरू छँदै नै छन् । तिनै कार्यालयबाट प्रदेश सेवा र स्थानीय सेवाका कर्मचारी नियुक्ति गराएको भएपनि हुन्थ्यो संविधानले ? मेरो चाहीँ यो प्रश्न छ । कतिपय संवैधानिक अंगहरू संघीय पनि हुनसक्थे । न्यायपालिका एकात्मक नै छ भने लोकसेवा आयोग पनि भएको भए के बिग्रिन्थ्यो होला ?' प्रश्न गर्दै उनले भने ।

प्रदेश लोकसेवा आयोगका कामकारबाहीलाई शंकाको घेरामा राख्नुपर्ने पनि हुनसक्ने उनले बताए । नेपाल सरकारको अवकासप्राप्त पूर्वसचिवलाई प्रदेश लोकसेवा आयोगको अध्यक्ष बनाइने गरिएकोमा सहसचिव र उपसचिवमा झारिएको उनले बताए ।

प्रदेश लोकसेवा आयोगमा दक्ष र विज्ञको कमी रहेको पनि उनले बताए । केन्द्रमा ७४ वर्षको इतिहास भएको संस्थालाई समेत कहिलेकाहीँ स्रोत साधानको अभावमा इज्जत जोगाउन धौ-धौ पर्ने गरेको उनको गुनासो थियो । यस अवस्थामा प्रदेश लोकसेवा आयोगहरू कुन हालतमा चलिराखेका होलान् भन्ने अनुमान गर्न सकिने उनले बताए । 'संविधानले जन्माइसकेका संस्थाहरूमा मेरो धेरै ठूलो प्रश्न त होइन । तर, संस्थाहरू जोखिमपूर्ण ढंगले चलिराखेका छन्', उनले भने ।

# जीबी राईको राहदानी रोक्का

**काठमाडौं/मस–** सहकारी ठगी प्रकरणमा फरार रहेका जीबी राईको राहदानी रोक्का भएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीको अनुरोध र जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले गरेको पत्राचारका आधारमा राहदानी विभागले राईको पासपोर्ट रोक्का गरेको हो ।

यससँगै राईको राहदानी प्रयोग गरी बाहिर हिँड्डुल गर्न रोक लगाइएको छ । जसले उनलाई स्वदेश फर्काउन र अनुसन्धान अघि बढाउन सहज बनाउने प्रहरीले जनाएको छ ।

जीबीको राहदानी रोक्का गर्न कास्की प्रहरीले ३० वैशाखमा राहदानी विभागलाई पत्राचार गरेको थियो । तर, राहदानी ऐन २०७६ को व्यवस्था अनुसार ठगी प्रकरण मात्रका लागि राहदानी रद्द गर्न नमिल्ने निर्णय भएको थियो ।



पछिल्लो समय भने उनलाई संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा पनि जोडिएपछि राहदानी रोक्का गर्ने बाटो खुलेको हो ।

राहदानी ऐन २०७६ अनुसार, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, आतंकवाद, मानव बेचबिखन, लागु औषध कारोबार लगायतका गम्भीर कसुरमा राहदानी रोक्का गर्न सकिने व्यवस्था छ ।

राईविरुद्ध २०७९ साल माघ १३ मा इन्टरपोलमार्फत डिफ्युजन नोटिस जारी गरिएको थियो । तर, यो प्रक्रिया पर्याप्त नभएको भन्दै प्रहरीले २१ फागुनमा रेड नोटिस जारी गर्न अनुरोध गरेको थियो । इन्टरपोलको रेड नोटिस जारी भएको झन्डै एक वर्ष भइसक्दा पनि राई पक्राउ पर्न सकेका छैनन् । यसअघि प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले संसद्को राज्य व्यवस्था समितिमा राई मलेसियामा रहेको बताएका थिए । त्यसपछि एसपी नरहरि रेग्मीसहितको टोली मलेसिया पुगे पनि जीबीलाई ल्याउन सफल हुन सकेन ।

राईलाई विभिन्न पाँच सहकारीको बचत रकम अपचलन गरेको आरोप छ । उनले सञ्चालन गरेका स्वर्णलक्ष्मी, सूर्यदर्शन, सहारा चितवन, सानोपाइला, र सुप्रिम सहकारीमा बचतकर्ताको अर्बौं रूपैयाँ ठगी गरिएको दाबी छ ।

# त्रिभुवन विमानस्थल अब ८ घण्टा मात्र बन्द हुने



**काठमाडौं/मस–** दैनिक १० घण्टा बन्द हुँदै आएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आउँदो माघ १५ गतेदेखि दैनिक आठ घण्टा मात्र बन्द हुने भएको छ ।

विमानस्थलको धावनमार्ग र जहाज गुड्ने ट्र्याक अर्थात् ट्याक्सी-वेको विस्तार गर्न गएको कात्तिक २३ गतेदेखि विमानस्थल राति १० बजेदेखि बिहान ८ बजेसम्म दैनिक १० घण्टा बन्द हुँदै आएको थियो । तर आउँदो माघ १५ गतेदेखि राति ११ बजेदेखि बिहान ७ बजेसम्म मात्रै विमानस्थल बन्द हुने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ । निर्माणको कामले गति लिएको र काम सहज बन्दै गएकोले विमानस्थल खुल्ने समय दैनिक दुई घण्टा थप्न लागिएको क्यानले जनाएको छ । त्रिभुवन विमानस्थल दैनिक १० घण्टा बन्द हुँदा हवाई कम्पनीले उडान कटौती गर्दा भाडा चर्को भएको छ ।


## युएईमा रोजगार

कम्पनी : ASQALAN CONSTRUCTION & DEVELOPMENT L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/२६ चलानी नं.: ६०२२९६३३ LT. No.: 315225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Masons | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labour | 10 | 0 | | 800 | २९,४९६ | | | | | | | |
| 3. | Construction Carpenter | 10 | 0 | | 1200 | ४४,२४४ | | | | | | | |
| 4. | Painter | 10 | 0 | | 1200 | ४४,२४४ | | | | | | | |
| 5. | Stone Mason | 10 | 0 | | 1200 | ४४,२४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ५ र ७ गते (20 & 22 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता न्यू रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ पुष ६ गते (21 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि. श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## वर्गीकृत डिस्प्ले

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०३/१० मा दर्ता भएको **प्रा.लि. नं. ३४९४९** को **कालिका मार्केटियर्स प्रा.लि.** को मिति २०८१/०८/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६०/१२/१२ मा दर्ता भएको **प्रा.लि. नं. २७७६२** को **इन्भारोमेन्टल म्यानेजमेन्ट इन्सीवटिभ प्रा.लि.** को मिति २०८१/०८/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## Vacancy Announcement

One of the reputed company manpower agency is seeking for following applicant.

- Ticketing - 1 Female
- Pro - 3 Male/ 3 Female
- Administrative - 1 Female

Attractice salary for the deserving candidate

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.* Prority will be given for manpower Experienced.

Well Growing Recruitment (P.) Ltd.
Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal
Contact: 01-5916635
Email: Wellgrowing@gmail.com
श्रम इजाजत नं. १५१३/०७४/०७५

## पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा.लि.को लेखापाल श्री सिंह बहादुर लुङ्गालीलाई सम्पर्कमा आउने बारे अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८१/०८/२८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि. (श्रम इजाजत पत्र नं. ७८३/०६५/०६६)** का लेखापाल तिनपाटन गाउँपालिका-५, सिन्धुली बस्नु हुने तपाईं **श्री सिंह बहादुर लुङ्गाली, (नागरिकता नं. २०३०३८/५४३)** यस प्रा.लि. मा कुनै पनि जानकारी नगरि सम्पर्कमा नआउनु भएको र यस प्रा.लि मा आउन फोन सम्पर्क गर्दा पनि फोन सम्पर्क नभएकोले आफूले गरेको सम्पूर्ण हरहिसाब बुझाउनको लागि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उपस्थित हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै उक्त अवधिभित्र पनि कार्यालयमा नआएमा कानून बमोजिम भई जाने समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं, श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
फोनः ४९८८७५४, ४९८८७५५, E-mail : info.pukaragency@gmail.com

## दावी विरोध सम्बन्धी बैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

प्रकाशित मितिः २०८१/०८/२८ गते

यस विभागबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Cherish Overseas Pvt. Ltd.** (इ.प्र.नं.१३०४/०७४/०७५) को साविक काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०९ मा कार्यालय रहेको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६ कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

## बार्षिक साधारणसभा सम्बन्धी सूचना

यस एकीकृत दुग्ध तथा कृषि उत्पादन लि. (दर्ता नं. ६०) को मिति २०८१/०८/२६ गते बसेको सञ्चालक समितिको बैठकको निर्यण अनुसार यस कम्पनीको बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**मितिः २०८१/०९/२० गते, शनिबार ।**
**समय : दिनको १:०० बजे ।**
**स्थानः कम्पनीको रजिर्ष्टड कार्यालयमा ।**

## सम्पादकीय

# विश्वविद्यालयको बेइज्जत !

त्रिभुवन विश्वविद्यालयको साधरणसभामा सहभागी हुन कीर्तिपुर पुगेका प्रधानमन्त्री केपी शर्मा ओलीविरूद्ध बिहीबार प्रदर्शन र नाराबाजी भयो। लोकतान्त्रिक अभ्यास अपनाउने देशका प्रधानमन्त्रीले आफूविरूद्ध हुने यस्ता प्रदर्शन, नाराबाजी अथवा विरोध सुन्नु नौलो कुरा भएन। तर, त्रिवि परिसरमा प्रधानमन्त्रीविरूद्ध भएको प्रदर्शनलाई लोकतान्त्रिक प्रक्रिया र अधियकारसँग मात्र जोडेर हेरिनु हुन्न । यो त मुलुककै ठूलो र जेठो विश्वविद्यालयभित्र भइरहेको चरम राजनीतीकरणको एउटा दृश्य मात्र हो। त्रिविमा राजनीतीकरणको शृंखला असाध्यै लामो छ। अहिलेका उपकुलपति प्रा.डा. केशरजंग बराललाई सरकारको नेतृत्व गरिरहेका नेकपा एमालेले त खुलेरै असहयोग गरिरहेको छ । केही दिन अगाडि मात्र एमाले महासचिव शंकर पोखरेलले सामाजिक संजालमा लेखेरै उपकुलपति बरालप्रति आक्रोश पोखेका थिए । त्रिविका ८ डीन र १८ क्याम्पस प्रमुख नियुक्तिको विषयमा उपकुलपति बरालप्रति एमाले आक्रोशित छ ।


त्रिविको साधारणसभामै विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले डीन र क्याम्पस प्रमुखको विषय उठाए। आगामी ७ पुसभित्र नियुक्त गरिसक्न निर्देशन पनि दिए। कुलपतिको हैसियतमा साधारणसभामा सहभागी प्रधानमन्त्री ओली भर्सेस उपकुलपति बराल छुट्टिनेगरी वक्ताहरूले बोले। जबाफमा उपकुलपति बरालले प्रक्रिया र न्यायको विषय उठाए। प्रचलित प्रक्रियाबमोजिम निर्णय हुने जबाफ दिए । तर, वक्ताहरूको बोलीबाट त्रिवि नेतृत्वबीच प्रस्ट समस्या बुझ्न सकिन्छ। एमाले नेताहरूले त उपकुलपति बरालको नियुक्ति प्रक्रियाप्रति सार्वजनिक रूपमै आपत्ति जनाइरहेका छन्। मेरिटका आधारमा नियुक्ति भनेर तत्कालीन सरकारले गलत निर्णय लिएको उनीहरूको निष्कर्ष छ ।

त्रिविमा देखिएको यो समस्या पहिलो पटक भइरहेको होइन । त्रिविसहित अरू विश्वविद्यालयहरू अतिराजनीतीकरणको दलदलबाट बाहिर निस्कन नसक्दा एकपछि अर्को समस्या सार्वजनिक हुँदै आएको छ । विभागीय प्रमुख छनोट, छात्रबृत्ति वितरणदेखि कर्मचारी नियुक्तिसम्म विवादको विषय बन्दै आएको छ । आफ्नो पार्टीको प्रभाव बढाउनकै निम्ति यस्ता गतिविधि हुने गरेको छ । कतिसम्म भने, प्राध्यापक कुटिनेदेखि विश्वविद्यालयका पदाधिकारीहरूले असुरक्षाको कारण देखाएर अनुपस्थित हुनेसम्मका घटना राजनीतीकरणकै कारण भइरहेका छन्, जबकि विश्वविद्यालयको बहस समाजका अरू समस्याहरूमाथि केन्द्रित हुनुपर्ने हो। देशको प्रणाली सुधार र नेतृत्वको सुदृढीकरणमा सहयोगी बन्नुपर्ने हो। मुख्यगरी विश्वविद्यालय प्राज्ञिक बहसको केन्द्र र योग्य जनशक्ति निर्माणको कारखाना बन्नुपर्ने हो। तर, विडम्बना ! सत्ता स्वार्थमा आधारित राजनीतिका कारण प्रधानमन्त्री आफैं उपकुलपतिसँग झगडा गर्ने तहमा छन् भने विश्वविद्यालयमा देखिने अरू गतिविधि निन्दायोग्य छन्। यदि यस्तो बेथिति नसुधार्ने हो भने उच्च शिक्षाका निम्ति विदेशिने प्रवृत्ति घट्ने छैन। देशको इज्जत बढ्ने छैन।

## सामाजिक सञ्जाल


**रञ्जित तामाङ**

स्कुल शिक्षा सरकारले निःशुल्क दिनुपर्ने संवैधानिक व्यवस्था छ । तर, शिक्षा समितिमा बोल्ने धेरैजसो सांसदले निजी विद्यालय बन्द गर्न हुँदैन भनेछन् । सांसदहरूले कि निजी विद्यालयले पनि निःशुल्क शिक्षा दिन सक्छन् भनेर ग्यारेन्टी लिनुपर्छ कि स्कुल मालिकको नुनको सोझो गरेका हौं भन्नुपर्छ ।


**नवराज पन्त**

यदि हामीले सामाजिक र विकास चुनौतीलाई स्वीकार्‍यौं भने परिवर्तन सम्भव हुन सक्छ। त्यसैले आधुनिक चुनौती नबुझेका नेताहरूले राजनीति छाड्नुपर्छ । अशिक्षित व्यक्तिले राजनीतिक पद सम्हाल्नु हुँदैन। गुन्डा जमात बोकेर हिँड्ने राजनीति आउटडेटेड भइसक्यो । नेपालमा यो कुरा वृद्ध नेताहरूले बुझ्नु जरुरी छ।


**विनोद न्यौपाने**

बीआरआई केही छैन। आउँदा दिन गर्ने आयोजना कमिसन नखाई, राम्रो ठेकेदार लगाई नेपाली जनतालाई आउटपुट र परिणाम दिने तरिकाले काम गर । नेपाली जनताका लागि अत्यावश्यक आयोजना छ भने ऋण लिए पनि हुन्छ। अनुदानलाई कन्सिरी कन्याऊ। पोखरा एयरपोर्ट जस्तो बाँडीचुँडी खाने काम नगर ।


**निर्मल प्रसाई**

मात्रै ५ महिनामा ३ लाख दक्ष युवा रोजगारीका लागि विदेसिन्छन् भने अब 'बेरोजगारी संकटकाल' लगाउन ढिलो गर्नु हुँदैन । यो स्वेच्छा होइन, विवशताको दुष्परिणाम हो। नीति आयोग निकम्मा देखियो, योजना आयोग असफल देखियो, थिंक ट्यांक बोझ देखियो।

# भ्यु टावर संस्कृति : लोकतन्त्रको बोनस

देशमा राजनीति सेवा नभएर व्यवसाय भएको छ । बिनालगानीको व्यापार भएको छ । कमाउ उद्योग भएकैले दलमा सिद्धान्त लागू छैनन् । ठूला दलहरूको सिन्डिकेट प्रणाली चलेको छ ।

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यो साता प्रधानमन्त्रीले झापाको दमकमा भ्यु टावरको उद्घाटन गरेका छन् । उद्घाटन गर्दै गर्दा प्रधानमन्त्रीले विदेशमा झैं भ्यु टावरले विकास र समृद्धि देख्ने सपना बाँडे । प्रधानमन्त्रीले बाँडेको सपना अन्यथा पनि होइन ।

विदेशमा रहरलाग्दा भ्यु टावर छन् । तिनीहरूले शहरको सौन्दर्य त बढाएका छन् नै, आम्दानीको स्रोत पनि बनेका छन्, जसका आधारमा प्रधानमन्त्रीको भनाइ अन्यथा होइन । यद्यपि, देशमा भ्यु टावर प्राथमिकतामा पर्ने हो वा अरू केही छलफल भएको छैन ।

आज चमेरोको ताँतीमा पजेरो गुड्न थालेका छन्। तर, विद्यालयहरूमा कम्प्युटर छैन । छाना नै नभएका विद्यालयहरू सयौंको संख्यामा छन् । विद्यार्थीहरूलाई स्टेसनरी, खाजा, आवास, पोसाकको व्यवस्था गर्न सकिएको छैन। छात्रवृत्तिको कुरा नाम मात्रको भएको छ।

विद्यालय जस्तै सरकारी अस्पताल उपचारका लागि भरपर्दा छैनन् । धेरै अस्पतालमा आवश्यक स्वास्थ्य उपकरण नै छैन। भवन मात्रले स्वास्थ्य सेवा दिने होइन, तालिमप्राप्त जनशक्तिको चरम अभाव छ। निजी अस्पताल, नर्सिङ होमहरूले घरबारी सकुन्जेल असुल्छन् र मृत्युपछि लास पनि समयमा नदिएका घटना थुप्रै छन्। देशमा भोक, अशिक्षा, रोग, शोकको पहाड भ्यु टावरभन्दा ठूलो छ ।

बाँदर लड्ने गाउँमा नगरपालिका पुग्यो। जमिनमा समेतको कर असुलीले धानिसक्नुको अवस्था छैन। इन्धनको अचाक्ली भाउ बढ्दा पनि नानाथरिको सरकारी कर घटाउन सकेको अवस्था छैन । बजार नियन्त्रणको मेसिनरीमा खिया लागेको अवस्था छ । श्रीलंका र बंगलादेशको रोग यहाँ नसर्ने भनियो, देशका २ प्रमुख व्यक्तिहरू पंक्ति तयार गरुन्जेल हिरासतमा छन्। चौथो दलको सभापतिमाथि मानवअधिकार हनन भयो भन्दै नागरिक समाज तातेको छ अहिले। देशमा भ्यु टावरहरू किन ठडिँदै छन् ? गतिलो उत्तर मिलेको छैन।

